
# कल्याणमित्र डीबी गुरुङको आत्मबृतान्तः

## १. मेरो आत्मबृतान्तः



सन् २०२० सालको कोभिड-१९को लकडाउन को अवधि भरमा ब्लग लेख्ने मेरो दैनिकीनै भयो । ब्लग मात्र कति लेख्नु र ? आफ्नै आत्मबृतान्त पनि आफै लेख्न थालेको छु । जीवनको बसाइँ सराइको सत्य, कथा र ब्यथाको उकाली ओरालीहरुलाई आत्मबृतान्तको शिर्षकद्धारा मेरा बिद्धान पाठकहरुलाई पस्कन खोजेको छु । यो कथा र ब्यथाको दृष्यहरु कत्तिपनि काल्पनिक होइन । वास्तवमा जिवनको परिभाषा के हो ? कतिसम्म अमिलो र पिरो हुँदोरहेछ ? मैले खुदै गरेको र भोगेको यर्थातताको आधारमा लेख्ने प्रयास गरेको हुँ । लेखाइको क्रममा शब्दहरुको चयन सही हुन नसक्नु र दोहोरिरहनु मेरो काँचोपन हो । आफ्नो किलोथलो छाडेर बसाइँ सराइ गर्नेहरुको कथा र व्यथा कति दर्दनायक हुन्छ ? मेरा कुलकुटुमबहरु, इष्टमित्रहरु जस्ले मलाई चिन्दछ । साथै मेरा सन्तान र दरसन्तानहरुलाई पनि जानकारी होस् भन्नका लागि संक्षिप्तमा यो आत्मबृतान्त लेखेको हुँ ।

## २. मेरो नामसंग जोडिएको बिशेषणः

मेरो राशीको नाम दुर्ग बहादुर हो । काम बहादुर नभए पनि नाम चाहि बहादुरनै छ । चलन चल्तिमा धिरबहादुर र गाउँले भाषामा धिर, धिरे, धिरु, धिरज पनि भन्दछन् । बाउ बाजेको नामले गर्दा, साहुहरुबाट रिन पनि पत्याइ हाल्ने भएकोले आफन्तहरुले पछाडिबाट रिनबहादुर पनि भन्छन् मलाई ! जापानिजहरुले तमुयामा, अंग्रेजीले जोन कोरियनले भावना र प्रवासीहरुले डीबी भन्ने गर्दछन् ।

म गुरुङ भाषाको बिद्यार्थी भएको हुनाले भाषाको प्रचार प्रसार गर्नका लागि नामको अगाडि चोग भन्ने बिशेषण पनि भिरेको थिए । यो चोग भन्ने शब्द गुरुङ भाषामा प्रचलित बिशेषण हो । जसको भावार्थ भाषा, संस्कार र संस्कृति जान्ने र बुझ्ने बिज्ञ भन्ने हुन्छ । अंग्रेजीमा Scholar भन्दछ । यो शब्द कसैको दयामायाले बक्शिस दिएको जुठो, पुरो वा जडुरी हैन ! गुरुङ भाषाको विद्यार्थी भएको नाताले स्वयं ग्रहण गरेको हुँ ।

मेरो पुस्तावलीलाई हेर्ने हो भने, पाँच पुस्तादेखि लम, लामाको शास्त्रिय विद्या अर्थात हिमाली बज्रयानी बौद्धदर्शन अध्यान गर्दै आएको लम पुस्ता हो । तर, मेरो पुस्तादेखि लमको हैंदो सार्वजनिक रुपमा हुन सकेन । त्यसैले प्रवासमा भए पनि बाउ बाजेलेझै सार्वजनिक सेवा उपलब्ध गराउन Buddhism Digital Library मा काम गर्न थालेको छु । बौद्धदर्शनको भाषामा कल्याणकारी काम गर्नेहरुलाई कल्याणमित्र भन्द छन् ।


BUDDHISM DIGITAL LIBRARY 2567

BUDDHISM
DIGITAL LIBRARY


The mission of Buddhism Digital Library (BDL) is to create an online digital space for learning and sharing together. Welcome everyone to join with us to promote wisdom, peace, compassion, and social harmony among all sentient beings.

Visit our website:
www.buddhismlibrary.org

## ३. मेरो मातृभूमिः



मेरो जन्म गण्डकी अञ्चल (तमुवान)को लमजुङ जिल्ला साबिक बाग्लुङपानी गाउँ विकास समिति वडा नं ५ हाल ख्वोलसोँथर गाउँपालिका वडा नं १, नजरे साम्रोँबेसीमा पिता नामबहादुर गुरुङ (लम कर्म रप्तेन) र माता गुनि मायाबाट सन् १९५९ असोज १६ गते मंगलबार को दिन प्रात भुरभुरे उज्यालो हुने समयमा भैसी गोठमा भएको थियो रे । यो कुरा मलाई आमाले सुटुक्क भन्नु भएको थियो । मेरो बर्ग घोडा, राशी मीन, मेवा आगो र हावा मित्र भन्छन् । तर, स्वभाव बिपरित छ । मेरो एउटा टिप्पनी र चारवटा चिना छ । चारैवटामा



लग्नहरु अलग अलग छन् । तर, आजसम्म कसैसंग पनि केही भनेको छैन । यो कुरा तपाइँले मात्र सुटुक्क पढ्नु होला । कसैसंग पनि फायल नगर्नु ? फेरी भाइरल होला नि ? हिजो बाहुन बाजेले लेख्नु भएको चिना, आज मैले चिनाको शास्त्रिय बिधान अनुसार हिसाव किताव गर्दा कुनै पनि कुराले मेल खाँदैन ! हुन त म पैडी वा ज्योतिषाचार्य होइन । तर, ज्योतिषको आधारभूत ज्ञान राख्दछु । चिना र टिप्पनी लेख्न सक्दछु । फलित ज्योतिषको साधारण ज्ञान पनि राख्दछु । तर, ज्योतिष काम चाहि गर्दिन ।



मेरो एकजना दिदी चिनी माया गुरुङ हुनुहुन्छ। उनी लमजुङ ख्वोलसोँथर गाँउ पालिका वडा नं १, रापासिँ गाउँमा मलय लाहुरे तेजबाहदुर गुरुङसंग बिबाह भए। अहिले सपरिवार बेलायतमा निवास गर्नुहुन्छ। उनको छोरी गंगा गुरुङ र छोरा तारा गुरुङ छन्।



भाइ माइल मोहन बहादुर गुरुङले पाँचगाउँ टक्सरबाट बिबाह गरेका छन्। अहिले सपरिवार पोखरामा बस्नुहुन्छ। उनी भारतीय सैनिक पेन्सनवाला हुन्। उनको दुइ छोरा साजन गुरुङ, सुजन गुरुङ र दुइ छोरीहरुमा ज्योती गुरुङ र श्रृजना गुरुङ छन्।




माइली बहिनी टेकमुनी गुरुङको लमजुङ खुदी तरापुमा भारतीय लाहुरे लिल बहादुर गुरुङसंग बिबाह भयो। उनी पेन्सनवाला हुन्। उनको एक छोरी आरती गुरुङ र दुइ छोराहरुमा बुद्ध गुरुङ र अर्जुन गुरुङ छन्।



कान्छा भाइ ओमेन्द्र गुरुङ मलय लाहुरे हुन । उनको सपरिवार बेलायतमा निवास गर्दछन् । उनले मालिङ गाउँबाट अगम गुरुङ बिबाह गरे । उनको तीन छोरा-हरुमा रमेश गुरुङ, मिलन गुरुङ र अरुण गुरुङ हुन् । छोरीहरुमा अन्जली गुरुङ र अन्जु गुरुङ हुन् । सबै शिक्षित छन् । उनीहरु सबै बेलायतमा निवास गर्नुहुन्छ ।



कान्छी बहिनी रजनी गुरुङको भुजुङ गाउँमा दोमन गुरुङसंग बिबाह भएको थियो । बिबाह पछि उनीहरुको कर्म थलो बम्बइ गए । उनको दुइ छोरीहरु गौरी गुरुङ र रेनुका गुरुङ हुन् । छोरा सुशिल गुरुङ हुन् । उनी सबैभन्दा पहिले परलोक गइन ।



## ४. प्राथमिक शिक्षाः

मैले कखग पढने र लेख्ने काम मेरो आफ्नै बाजे चोग काली बहादुर गुरुङसंग घरैमा सिके । त्यसपछि श्री जनज्योति प्राथमिक विद्यालय, बाग्लुङपानीमा कक्षा १मा भर्न भए । घरबाट विद्यालयसम्म जाँदा डेढ घन्टाको ठाडै उकालो चढनु पर्थ्यो । यही मेरो दैनिकी थियो । त्यसबेला

अरु कुनै बिकल्प थिएन । त्यहाँ, ५ कक्षासम्मको पढाइ सकेर श्री लमजुङ दरबार हाई स्कुल, गाउँशहरमा कक्ष ६मा उग्लिए । केही पछि श्री अमर माध्यमिक विद्यालय खुदीबाट माध्यमिक तहसम्म शिक्षा प्राप्त गरे । अब, यसले बाहुनको नाक काट्छ भन्थे, बुढापाकाहरु ! के अर्थमा त्यसो भनेका थिए ? त्यो कुराको सार, मैले त्यस बेला बुझ्न सकेको थिएन । अहिले बुझेर के गर्नु ? “हागी सक्यो दैलो देख्यो” अब, यसको कुनै तुक छैन !

## ५. किशोर अवस्थाः

मेरो किशोर अवस्थाको समयमा लाहुरे प्रथाले शिखर चुमिरहेको थियो । डाक्टर, इन्जिनियर, प्राध्यपक र पाइलट हुनुमा भन्दा, लाहुरे हुनमा गौरब अनुभव हुन्थ्यो, गुरुङ समुदायमा । त्यसैले, उच्चा शिक्षा अध्ययन गर्ने इच्छा हुदाहुँदै पनि लाहुरे हुन पुगे । तर, लाहुरेको नुन पानी पनि पचेन ! एक दसकको लाहुरे जिवन त्यागेर घर फर्किए । पल्टनबाट किन फर्कियो ? यो कुरा मैले कसैलाई पनि भनिन । भनेर पनि के अर्थ थियो र ? सबैले बलेको आगो ताप्ने हो । नबलेको आगो कस्ले ताप्ने ? त्यसैले, मेरो बास्तविकता कसैलाई पनि थाहा थिएन । परिस्थिति प्रतिकुल हुदै गाएकोले कुइरोको कागझै दिशा बिहिन भए ! जिबिका कसरी चलाउने भन्ने बिषयमा त्यसै रुमलिए ? त्यस बखत, बुद्धिमा घामै लागेन ! अर्थात चेतनाको पर्दा खोलिदिने कुनै कल्याणमित्र पाएन ।

## ६. नाम कटुवा लाहुरेको अल्लारे जीवनः

समय र परिस्थिति प्रतिकुल भए पछि आफन्तहरु पनि टाढिन्दै जाँदोरहेछ । मैले भनेका साधरण कुराहरु पनि आफन्तहरुलाई जटिल हुदै गयो । मेरो कुरा कसैले नसुने पछि मैले जिवनमा पहिलो पल्ट एक्लोपनको महशुस गरेँ । तर, यसले मलाई असाधारण उर्जा दियो । जीवनमा केही पाउनका लागि मनोक्रान्ति गर्न आवश्यक छ भन्ने कुराको अनुभूति भयो । तर, मनोक्रान्ति कसरी गर्ने ? कहाँ गर्ने ? यसलाई अभ्यास गर्न चाहन्थे । तर, समय प्रतिकुल भए पछि कस्को के लाग्छ र ? बस, कुकुरको काम पनि छैन । फुर्सत पनि छैन । एक माना खायो । पाखा भरी हाग्यो । यही थियो नाम कटुवा लाहुरेको अल्लारे जीवन !


## ७. जिवन साथीको रोजइः



त्यस समयको परिस्थितिलाई सन्तुलन मिलाउदै, जिवन यात्रा-लाई सहज बनाउन सहयात्रीको आवश्यक थियो । त्यसैले, लमजुङ मालिङ गाउँको श्री उदु गुरुङको छोरी चित्र माया गुरुङलाई जिवन साथी रोजे । परम्परागत रीतिमा मागि बिबाह भयो । सुरेन्द्र, शुष्मा र नरेन्द्रको जन्म भयो । बिधाताले नचाहे पछि के लाग्छ र ! शुष्मा र नरेन्द्रको अल्पायु भयो




। शोकले श्रीमती र मलाई मर्महत बनायो ! दिउसै सूर्यास्थ भएर पैतलाबाट धर्ति खस्किएको जस्तो अनौठो अनुभव भयो ! यसलाई



शब्दमा बर्णान सक्दिन ! फेरी पनि मनभरी पिडै पिडाको भारी बोकेर पनि बाँच्नका लागि गन्तब्यहरु खोज्ने क्रम निरन्तर जारी रह्यो । यही सिलसिलमा मेरो श्रीमतीले कति चोट र हन्टर खाइन ?! गनि साध्य र भनि साध्यनै छैन ! हामीले आपासमा संगै खाने र संगै जिउने बाचा गरिसकेका थियौं । त्यसैले, समस्याहरुको पहिचान गरी उपचार खोज्ने हामीमा बानि बसिसकेको थियो । फेरीपनि





समस्याहरु उर्लिएर आउथे । आफै सेलाएर जान्थे । यस विषयमा हामीहरु दुबै पाको भैसकेको थियो ।

## ८. सञ्चालित व्यवसायहरुः

अखिर, भावनामा रमाउने आदर्शवादीहरुले दिउसै सप्न देख्ने भन्ने कुरा त खासै नौलो कुरा होइन ? त्यसैले, स्वावलम्वि भएर स्वदेशमै केही गर्नु पर्छ भन्ने भावनाबाट अभिप्रेरित भएर घरेलु उद्योगबाट व्यवसायिक यात्रा आरम्भ गरे । त्यसपछि क्रमैसंग अन्नपूर्ण होटल एण्ड रेष्टुरेन्ट, साम्रौं बागवानी, भिजिट नेपाल रेष्टुरेन्ट, हिमाली क्लब, लमजुङ इन्टरप्राइजेज प्रा.ली., इस्टार ऐजुकेशन प्रा.ली., हिमाद्रि ट्रेकिङ प्रा.लि. र फोर स्टार मैन पावर प्रा.ली., आदि सञ्चालन गरे ।


यसैगरी, लामा वंशवली प्रकाशन समिति र लमचुँ प्रतिष्ठान जस्ता गैर सरकारी संस्था पनि जन्माए । लप्टन, कप्तान, कर्नेल, जर्नेल, राथी, महारथी, राजनीतिक कार्याकर्ता, निजामति कर्मचारी, सामाजिक अभियान्ता, ब्यापारी, सांसद र मन्त्रीहरुसंग पनि उठबस भयो । यस दौरान पोखराको श्रीप्रसाद गुरुङसंग चिनजान भयो । उनी अब्बल दर्जाका राजनीति शास्त्रि थिए । जातीय हिसावमा तमू छ्योंजधींको जननी थिए । दर्जनौं निजि कम्पनीहरु र गैर सरकारी संघ संगठनहरुमा सकृया भएर काम गरे । तर, यस दौरानमा कमाएको भन्दा दुगुणा गुमाए ! त्यसैले, रित्तो हात र तितो अनुभव मात्र मेरो निजि अंशमा शेष रहन आयो । मेरो अवस्था देखेर मेरो श्रीमतीलाई कस्तो अनुभव भयो होलिन !? सायद, बिधाताले उनलाई यही उपहार पो दिन चाहेको थियो कि ! केही भन्न सकिन्न ?

## ९. मेरी पौराखी श्रीमती:



मेरी श्रीमती चित्र माया गुरुङको जन्म लमजुङ ख्वोलसाँथर गाउँ पालिका वडा नं ३ पुरान गाउँमा २०१३ साल कार्तिक पूर्णिमा सुक्रबार भएको थियो । उनी बाँदर बर्ग र राशी मीन हो । पुरान गाउँमा बजैले हुर्काएको भनिन्छ । किशोरी अवस्थामा बाबा आमानिर म्रोजेमा आएका हुन् । उनको एकजना दाजु मिनबहादुर गुरुङ, दुइजना भाइहरुमा बुद्धिप्रसाद गुरुङ र चित्रजङ गुरुङ हुनुहुन्छ । तीनै जना गाउँमै हुनुहुन्छ । आमा कुमारी गुरुङ ८५ वर्ष भइन् ।

उनको समयमा गाउँमा स्कुल थिएन । छोरीले पढने समय पनि थिएन । उनको शैक्षिक योग्यता नभए पनि



उनले जीवनको पाठशाला बाटै व्यवहरिकता सिकिन । "शिक्षा प्रधान होइन, योग्यता प्रधान हो ।" त्यसैले, उनले आफ्नो योग्यताको प्रदर्शन गर्दै, मेरो प्रत्येक यात्रामा आवश्यकता अनुसारको उर्जा दिने प्रयास गरिन् ।

रेस्टुरेन्टको पनि अनुभव संगालेकीले पाकवानमा पोक्त छिन् । असध्यै मिठो पकाउछिन् ! मलाई घरैमा रेस्टुरेन्ट भएको अनुभव हुन्छ ! यस्ती पोराखी श्रीमतीको कारणलेनै आजा मैले यो आत्मबृतान्त लेख्ने




अवसर पाएको हुँ ! मैले जीवनकालमा गरेका उपलब्धिहरुमा केही श्रेष्ठ गुण र पुण्य बाँकी रहेछन् भने त्यसको हकदार पनि उनीनै हुन् ।

## १०. शसस्त्र द्धन्दको प्रभावः

मेरो बाबा चाहि १८ वर्षको उमेरमै गृहस्ति लममा प्रवर्जित भएर त्यसैमा ध्यान, साधना, ज्योतिष र बैद्यमा पनि पारङ्गत हुनुहुन्थ्यो । २०४६ साल पछि नेपालको राजनीतिमा परिवर्तन भयो । बेसिशहरमा बसोबास गर्ने गुरुङ समुदायले बजारदेखि दक्षिण-पश्चिम दिशाको चण्डिडाँडाँ भन्ने स्थानमा ह्युल्स ह्यों गुम्बा नामाकरण गरी सामाजिक गुम्बा निर्माण गर्यो । त्यही गुम्बाको प्रमुख लमको हैसियतमा उनले सेवा गर्दै आए ।

म नाम कटुवा लाहुरे भएकोले पेन्सन थिएन । त्यसैले दीर्घकालिन योजना बनाएर साम्रोमा सुन्तलाको बागवानी

सुरु गरेको थिए । करिब तीनसय वटा जति सुन्तलाको बोट हुर्किसकेको थियो । त्यही बोटबाट फले-को बिउबाट पुनः



ब्याड बनाएर दोस्रो पुस्ताको बेरुवा हुर्काउने लक्ष्य थियो । बाउबाजेको पाखाबारी प्रशस्तै थियो । दशौं हजार रुख हुर्काउन सक्ने मेरोमा क्षमता थियो । फलफूलबाट दीर्घकालिन आम्दानी हुन सक्ने मेरो अनुमान थियो ।

माओवादीको दस वर्षे शसस्त्र द्धन्दको कारण राजनीतिमा उथल, पुथल, लुटपाट, हत्या, हिंसा, बलात्कार, आतंक परिवारका सदस्यहरुलाई शारीरिक एवं मानसिक चोट, चन्दातंक, कार्यलयमा आगलागी र वाक युद्धका कारण अर्ध भूमिगत मेरो बाध्यता थियो । आर्थिक क्यान्सरको कारण परिवारलाई मानसिक तनाव भयो ! यस्तो कहलीलाग्दो क्षण र प्रतिक्षणहरु कति दर्दनायक थियो ? शब्दमा त उतार्नै कठिन छ ! कठिन अवस्थामा इष्टमित्रहरुले पनि साथ नदिदो रहेछ । चाडपर्वको समयमा कसैको घरमा गयो कि रिन माग्न आए होला भन्ने शंक गर्थे । त्यसैले लामो समयसम्म कसैको घरमा पनि गएन । यस्तो भूमारीमा फसेका साथीहरुले मात्र मेरो कथाको मौलिक भावना बुझ्न सक्ने छन् ! परिस्थितिहरु जति जटिल भए पनि हार खाएन !

## ११. अमेरिका प्रस्थानः

संवत २०६२, ६३को जनआन्दोलले राजनीतिक माहोल अत्यन्तै तरल थियो । स्वदेशमा केही गर्न नसके पछि प्रवासीने अठोट गरे । यही बिकराल समस्याको पोको भित्रैबाट समाधानको उपाय र अवसर खोज्न नयाँ कर्म भूमिको खोजिमा सन् २०१० मा अमेरिका आएँ । २०१३मा श्रीमती, छोरा र छोरी पनि आए ।

हुन त अमेरिका पनि स्वर्ग चै होइन रहेछ ? तर, यहाँ आफ्नो योग्यता र क्षमताको आधारमा अवसरहरु खोज्न र रोज्न भने पाइदो रहेछ । मैले जीवनको पाठशालामा सिकेको लामो अनुभवको मुल्य र मान्यताको प्रमाण-पत्रले यहाँको श्रम बजारमा पतुरको भाउ पनि पाएन ! तर, पनि हातमुख जोर्नका लागि आफ्नै श्रम काफि भयो ।

## १२. अमेरिका पनि स्वर्ग चाहि होइन रहेछ ?

मैले उपल्लो अनुच्छेदमा भनिसके कि अमेरिका पनि स्वर्ग चाहि होइन रहेछ ! अव प्रश्न आउछ कि स्वर्ग चाहि कहाँ छ ? कुन ठाउँमा हो ? आजसम्म कतिजना मानिसहरु स्वर्ग गएर आए ? यस बारेमा पनि छोटो चर्चा गरौं । किनभने, स्वर्गको बारेमा कुरा त उठिसक्यो ? कुनै पनि विषयको उठान भैसके पछि त्यसलाई छलफल गरेर निचोड निकाल्नु पर्छ । अन्यथा काँचो बायु भएर बस्छ ।

हाम्रो समुदाय लोकमा बसेर अलोकिक कुरा गर्न माहिर छन् । जुन कुरा बिज्ञानको प्रयोगशालाले पनि सिद्ध गर्न

सकेको छैन । तर, बिश्वास र भरोसा गर्न थाले पछि, यसको अगाडि बिज्ञान पनि घुँडा टेक्दोरहेछ। तर, संक्षेपमा मैले बुझेको र जानेको स्वर्ग चाहि आफ्नै घर हो। परिवार भनेको श्रीमती हो । जहाँ हामीहरु सुरक्षित, स्वतन्त्र र आनन्दसंग बसेका हुन्छौं। किनभने हाम्रो घर सतप्रतिशत निजि हो। यो बिषयमा धेरै तर्क गरिरहनु पर्दैन ।



स्वयं अनुभव गरी हेर्नु होस् । अनुभव पछि तपाइँले पनि सहमति जनाउनु हुनेछ। यो कुरा घाम जस्तै सत्य हो। पानी जस्तै सङ्लो छ। जून जस्तै शितल छ। मन जस्तै विशाल छ। यसको गहिराइ बुझ्नका लागि बुद्धबचनमा अलिकति भिज्नु पर्छ । किनभने बुद्ध भनेको प्रकाश, उज्यालो, ज्योती, जागृत, सचेत, चेतना र ज्ञान हो। मेरो कुरा सुनेर खिन्न नहुनु होस् ! म जे भन्छु, सही भन्छु। जे लेख्छु, सही लेख्छु। सेतोलाई सेतै र कालोलाई कालै भन्छु । यही कारणले मेरो बृत्तिबिकास हुन सकेन । तर, पनि मलाई कुनै पश्चताप छैन । मैले के अनुभव गरेको छु भने, झुठ बोलेर होइन, सत्य बोलेर आफन्तहरु पराइ भएका छन् । त्यसैले सत्य बोल्न पनि जान्नु पर्दोरहेछ । कुरा मिलाएर भन्न जान्नु पर्दोरहेछ ।

## १३. प्रकाशित कृतिहरुः

१. लमचुँ जर्नल, सूचना, २०५४ ।

२. लालिगुरास, निबन्ध, २०५६ ।

३. नयाँ अर्थतन्त्र, सञ्जाल बजार, २०५८ ।

४. तमू क्योए दे प्यक्ष्या, भाग १, २, ३, २०६९ ।

५. सजिलो गुरुङ व्याकरण, २०६९ ।

६. बुद्धबचन, २०७८ ।

७. शाक्यमुणि बुद्धको जिवनी, २०२३ ।


८. शाक्यमुणि बुद्धको पूर्वजिवनी, २०२३ ।

९. बौद्धमार्गी, उपन्यास, नेपाली, २०२३ ।

१०. प्रज्ञापारमितम, नेपाली, २०२३ ।

11. The Life of Buddha, 2023.

12. The past life of Buddha, 2023.







१४.




Gurung
Festival
eBook



## १४. जिवनलाई कसरी बुझ्ने ?

मानब जिवनमा सबैले सफलतै सफलता हात पार्न चाहन्छन् । तर, संयोग त्यस्तो नहुनु पनि सक्दोरहेछ । यस बारेमा पनि केही छलफल गरौं । किनभने जिवनको यथार्थता समयमै बभुन सकियो भने मात्र सजिलोसंग बाँच्न सकिदोरहेछ । तर, मैले यो कुरा समयमै बुझ्न सकिन । किनभने मलाई राम्रोसंग सम्झाइ बुझाइ दिने कल्याणमित्रहरु ठिक समयमा भेटेन !

सर्वप्रथम हामीले जिवनलाई कसरी बुझ्ने ? तपाइँले कसरी बुझ्नु भएको छ ? यो हाम्रो बुझाइमा भर पर्ने रहेछ । बुझाइले मात्र दृष्टिकोण दिदोरहेछ । दृष्टिकोणले यथार्तको धरातल देखाउदोरहेछ । यथार्त धरातल देखिए पछि कुन अवस्थामा कहाँ कहिले कसरी जिउने भन्ने बारेमा केही कुरा सोँच्न र बुझ्न सकिदोरहेछ । यही हो जिवनको यथार्तता भनेको ।

हाम्रो जिवन दुइवटा अलग अलग पाटाहरुमा आधारित रहेका छन् । एउटा भौतिक शरीर जस्लाई हामी बिज्ञान भन्दछौं । बिज्ञानको निरन्तर बिकास भएर बिनास हुन्छ । त्यही बिज्ञान भित्र ज्ञान हुन्छ । जसलाई आत्मा भनिन्छ । अर्थात बिज्ञान भित्र ज्ञान र ज्ञानबाट मनोबिज्ञानको उत्पति हुन्छ । यसैको जगमा चेतनाको बिकास हुन्छ ।

मैले खेन्पो बसन्त गुरुङसंग मिलेर संयुक्त रुपमा बुद्धबचन पनि प्रकाशन गरेको छु । बुद्धबचन भनेको सत्यबचन हो । सत्यबचन भनेको अमृत बचन हो । तर,

जे देख्यो त्यही बोल्नु चाहि सत्य होइन रहेछ। यदि यस्तो भयो भने, परिस्थिति प्रतिकुल हुदोरहेछ। त्यसैले, उपयुक्त समयमा सही कुरा बोल्नु भनेको बुद्धबचन रहेछ। यदि यसो हुन सक्यो भने जिवनमा बृत्तिबिकास हुदै समृद्धिको मार्ग प्रति उन्मुख हुदोरहेछ।

तर, सत्य त तबै बोल्न सकिन्छ जब हामीलाई सत्यको ज्ञान हुन्छ ? सत्यको बारेमा त तबै जानकारी हुन्छ, जसले बुद्धबचनलाई अध्ययन गर्दछ। त्यसैले, सत्यको बारेमा सबैलाई धेरथोरै जानकारी होस भन्ने हेतुले बुद्धबचन प्रकाशन गरिएको छ। यसभित्र के लेखिएको छ ? तपाइँ आफैले पढनु पर्छ। बुझ्नु पर्छ। अनि मात्र त्यसको सार हातमा आउछ। किनभने जो बिमार छ, औषधी उसैले खानु पर्छ। अनि मात्र बिमार निको हुन्छ। निको भए पछि जिवनको महत्व बुझ्न सकिन्छ।

हामी सबैले बुझ्नै पर्ने जरुरी कुरा के छ भने, सत्यबचन बोल्नलाई पनि आचार संहिताको ख्याल गर्नु पर्ने रहेछ। किनभने, मुख छ भन्दैमा जथाभाबि बोल्ने ? आँखा छ भन्दैमा जथाभाबि हेर्ने ? कान छ भन्दैमा जथाभावि सुन्ने ? हात छ भन्दैमा जथाभाबि छाम्ने कसैलाई पनि छुट हुदैन। त्यसैले, सही कुरा सही समयमा सही मानिसलाई भन्न सक्यो भने, त्यसको असाध्यै धेरै महत्व हुन्छ। तर, सबैको लागि गास, बास र कपास प्राथमिकता हो। त्यस पछिको कुरा समय, परिस्थिति र अवस्थामा भर पर्ने कुरा हो।

## १५. कल्याणमित्र भनेको के हो ?

हाम्रो मानव सभ्यताले के कुरा सिकाउदछ भने, जस्ले जे जस्तो काम गर्दछन्, उनलाई त्यही अनुसारको मान पदवी र नामाकरण गर्ने गराउने गर्दछौं । उदाहरणको लागि शिक्षण पेशा गर्ने मानिसलाई शिक्षक, पत्रकारिता गर्नेलाई पत्रकार, ब्यवसाय गर्नेलाई ब्यापारी, समाज सेवा गर्नेलाई समाज सेवी, अभियान चलाउनेलाई अभियान्ता, नेतृत्व गर्नेलाई नेता, उपासना गर्नेलाई उपासक, धार्मिक पूजापाठ गर्नेलाई नम, लम, लामा, आचार्य, खेन्पो, रिन्पोचे भनेझै बुद्धदर्शनलाई राम्रोसंग अध्यान गरेर, त्यसका सवल पक्षहरुलाई सामाजिक रुपान्तरणका लागि अपोदीपभव भन्ने मूल शब्दलाई नि:स्वार्थ रुपमा नैतिक शिक्षा दिने जो कोही ब्यक्ति बिशेषलाई पनि कल्याणमित्र भन्दछन् । अहिले Buddhism Digital Library ले नि:शुल्क शील सेवा दिइरहेका छन् । यसमा सहयोग गर्ने सबैलाई कल्याणमित्र भन्दछन् ।

## १६. मेरो अनुभवमा प्रेम र सम्बन्धः

प्रेम भन्नाले, स्त्री र पुरुषको परस्परमा हुने अनुराग, प्रेम, प्रीति, कृपा, दया, माया अथवा कुनै विषय, बस्तु वा व्यक्तिको स्वभाव एवं गुण प्रति मनमा उत्पन्न हुने आकर्षण र अनुरालाई प्रेम भन्दछ। शब्दकोशमा लेखिएको प्रेमको परिभाषा यतिले मात्र पूर्ण हुदैन । प्रेमको परिभाषालाई यहीनिर पूर्ण बिराम लगायो भने, प्रेम प्रतिको हाम्रो आस्था अधुरो हुन सक्दछ। न्यायपूर्ण हुदैन। प्रेममा पूर्णता दिइएन भने, यसबाट बियोग उत्पन्न हुन सक्दछ। बियोगले शान्तिमा बाधा उत्पन्न गर्छ र परम् आनन्दको अनुभूति हुन सक्दैन। त्यसैले, प्रेमको मौलिक स्वभाव र बिभिन्न अवस्थाहरुमा प्रकट हुने र गरिने अवस्थालाई राम्रोसंग बुझ्न आवश्यक हुन्छ। यसले आफ्नो स्वभाव अनुसारको आचरण गर्दछन्।



उदाहरणको लागि आफ्नो राष्ट्र प्रतिको प्रेम, मातृभूमि प्रतिको प्रेम, समाज प्रतिको प्रेम, पूर्वज प्रतिको प्रेम, माता पिता प्रतिको प्रेम, गुरु प्रतिको प्रेम, मावली प्रतिको प्रेम, स्त्री प्रतिको प्रेम, सन्तान प्रतिको प्रेम, भाइबन्धु प्रतिको प्रेम, दिदीबहिनीहरु प्रतिको प्रेम, चेलीहरु प्रतिको प्रेम, इष्टमित्रहरु प्रतिको प्रेम, साथीहरु प्रतिको प्रेम, भान्सामा रहेका सामानहरु प्रतिको प्रेम, सर्वप्राँणीहरु प्रतिको प्रेम र प्राकृति प्रतिको प्रेम सबै प्रेमनै हुन् । तर, उपरोक्त अवस्थामा तरिका, प्रणालि स्तर, आवश्यकता र स्वभाव अनुसार प्रेम प्रकट गर्न जान्न र सक्नु पर्ने हुन्छ ।



उदाहरणको लागि, आफ्नो माता पिता, स्त्री र सन्तान सबैलाई प्रेम दिनु पर्छ । तर, माता पितालाई र स्त्रीलाई दिने प्रेमको स्वभावमा अन्तर हुन्छ । माता पितालाई

उनको चरण स्पर्ष गरेर प्रेम प्रकट गरिन्छ भने, स्त्रीलाई उनको मनोभाव बुझेर गरिन्छ । यसैगरी, आफ्ना सन्तानलाई नैतिक शिक्षा, पौष्टिक खाना, सुख सुबिधा र सुरक्षा दिएर प्रेम प्रकट गरिन्छ । यसैगरी इष्टमित्रहरुलाई उनको स्तर, अवस्था र आवश्यकता बुझेर प्रेम प्रकट गर्नु उपयुक्त हुन्छ । तर, गरिब, निमुख, असाहय, अनाथ र आपंगहरुलाई आवश्यकता अनुसार निःशर्त सेवा गरी उनीहरुसंगै आत्मियता साटेर प्रेम दिन सकिन्छ । बुद्धको मूल भाव करुणा हो । करुणाबाट प्रेम प्राप्त हुन्छ । यहीबाट नैतिक शिक्षाको आधार तयार गर्न सकिन्छ ।

तथागतले पनि बुद्धत्व प्राप्त गर्नु भन्दा पहिले, माता पिताको प्रेम, परिवारिक प्रेम, स्त्री प्रेम, पुत्र प्रेम बन्धु प्रेम र राष्ट्र प्रेम सबैको अनुभव गर्नु भएको थियो । त्यसैले, जसरी रोग त्यागे पछि निरोगी हुन्छ र स्वस्थ्यको महत्व बुझिन्छ । त्यसैगरी बैर र घृणा त्यागे पछि बाँकी रहेको सबै अवस्था प्रेममा आफै परिणत हुन्छ । किनभने यो त स्वभाव हो । जस्तैः फूलको मूल उद्देश्यनै सुन्दरता दिनु हो । हावाको सहयोगबाट आफ्नो सुगन्ध फैलाउने हो । उखुको मूल गुण र स्वभाव गुलियो हुनु हो । चाहे त्यसलाई काट्नोस्, ठुन्काउनोस्, भाँच्नोस्, निचोँनोस्, कोलमा पेल्नोस्, उमाल्नोस् । जुनसुकै अवस्थामा पनि उनको गुणमा परिवर्तन हुदैन । किनभने गुलियो हुनु उनको मौलिक स्वभाव हो । यसकारण, तथागतले प्रेमलाई स्वभावको रुपमा व्याख्या गर्नु भएको छ । स्वभावबाट

करुणा उत्पन्न हुन्छ । यसबाट प्रेम, सुख, शान्ति र परम् आनन्द प्राप्त हुन्छ ।

यदि मदसंग प्रेम बस्यो भने के हुन्छ ? यो वाक्य सुनेर तपाइँ अलि असजिलो मान्नु होला ? तर, यो सत्य हो । नेपाली समाजमा मद पिउने संस्कार साधरण मानिन्छ । तर, मदसंग प्रेमनै बस्यो भने, कथाले नयाँ स्वरुप धारण गर्दछ । सबैलाई जानकारी भएकै कुरा हो कि मदले माते पछि चेतना शुन्य हुन्छ । चेतना शुन्य हुने अवस्थामा उनले राम्रो, नराम्रो, मेरो, तेरो, आफ्नो, पराइ, नातागोता, भातृत्व, मातृत्व कुनै पनि पद र प्रतिष्ठाको महत्व राख्दैन । पशुको जस्तो एकोहोरो व्यवहार हुन्छ । जुन समाजलाई स्विकार्य हुदैन । तर, उनले त्यो अवस्थाको अनुभव गरेको हुदैन । घर, परिवार र समाजमा मेरो अस्तित्व के छ ? हेक्का राख्न पनि सक्दैन । मदको लतले गाजिसके पछि उनलाई नपिइ हुदैन । पिए पछि मानवताबाट पशुमा झर्छ । पशुबाट तल झर्ने ठाउ कहाँ छ ? एउटै ठाउँ हो यमपुरी ! तर, रक्सीसंग प्रेम गर्ने प्रेमिकालाई यमपुरीको ढोका पनि सजिलोसंग कहाँ खुल्छ र ? कैयौन पटक गल्लि गल्लिमा सुत्नु पर्छ । आफन्त र श्रीमतीको गालि र धुर्कीको त कुरै नगरौं । यो कुरा जाँड्यहले मात्र राम्रोसंग बुझ्न सक्दछ ।

मेरा आफन्तहरु पनि कोही जाँड्यह छन भने, यो सुत्रलाई राम्ररी बुझ्नु होला । तपाइँले यो सुत्र बुझ्नु भयो भने, दिन दुगुणा, रात चौगुणा उन्नति र प्रगति हुनेछ । सामाजिक प्रतिष्ठ, सम्पन्नता र समृद्धि प्राप्त हुनेछ ।

अब आयो सम्बन्धको कुरा । यो सम्बन्ध भन्ने पनि सन्धि शब्द हो । यसमा ‘सम+बन्धन’ गरी सम्बन्ध गरिएको छ । ‘सम’ भनेको बराबर र ‘बन्धन’ भनेको आपासी छलफलद्धारा तय गरिने अत्यन्तै ब्यत्तिगत मापदण्ड हो । त्यसैले हाम्रो सम्बन्ध कहिले तातो हुने, चिसो हुने, न्यानो हुने, मधुर हुने आदि सबै खाले यही ब्यक्तिगत मापदण्डमा निर्भर रहने गर्दछन् ।

उदाहरणको लागि लोग्ने स्वास्निको सम्बन्ध अत्यन्तै मधुर हुने गर्दछन् । उनीहरु अलग अलग परिवारका सदस्य थिए । तर, यही मधुर सम्बन्धका कारण बैवाहिक समबन्धनमा बाँधिए । दुइबाट एक भए । एकबाट तीन हुन्छन् । मानव सभ्यताको प्रकृया यसैले निरन्तरता दिएका छन् । जुन दिन लोग्ने स्वास्नेको सम्बन्भमा चिसोपन हुन्छ, त्यही दिनबाट परिवारिमा सितयुद्ध आरम्भ हुन्छ ।

## **१७. मेरो पितृकार्य (पए) नगर्नुः**

मैले हृदय घातबाट दोश्रो जिवन पाए पछि अहंकार र तिष्णा त्यगी दिए । अहंकार त्यागेको मन पराजित र तिष्णा त्यगेको मन निच्छल हुदोरहेछ । यस्तो मनले सत्य बोल्ने प्रयास गर्दोरहेछ । तर, सत्य कुरा कस्ले सुन्ने ? सत्य कुरा पनि कसैले नसुन्ने भए पछि मन एकदमै भ्रमित भैरहेको थियो । त्यही समय मेरो आदरणीय सम्धिज्यूले काठमाडौंबाट उपहार स्वरुप पठाउनु भएको (दोमाङ) सुत्रसंग्रह पाढने अवसर जुर्यो । मैले लगातार तीन

पटकसम्म पढे । यसले मेरो चित्त शान्त गरायो । यसैको जगमा बसेर मैले बुद्धबचन नामक पुस्तकको आकार दिए । कोलोराडो निवासी खेन्पो बसन्त गुरुङले सास हलिदिए पछि नयाँ स्वरुप पायो । मेरो जिवन साथी चित्रमाया, छोराबुहारी, छोरीज्वाइ, परिवारजन, भाइभतह, इष्टमित्र, कुलकुटुम्ब र शुभेच्छुकहरुलाई के भन्न चाहन्छु भने, मैले गर्न खोजेको सबै गर्न नसके पनि सकेको झति सबै गरे । उपलब्धि के भयो ? जिवन साथीलाई थाहा छ । मलाई मातृभूमिमै अनुकुल भएको भए, प्रवासीने थिएन ।



जिवनको उत्तरार्द्धमा अब मसंग तितो र अमिलो अनुभव बाहेक केही पनि बाँकी छैन । त्यसैले, मेरो दाह संस्कार गर्ने बेलामा गुरुङको मौलिक संस्कारको लागि तत्काल के कति स्रोत साधन उपलब्ध हुन सक्दछ ? जस्तैः स्त्रीबाट श्रद्धसुमन, छोराबाट सेतो कात्रो (ठ्विक्वैं),

छोरीज्वाइबाट क्रशा, मावलीबाट अस्योँप्युरी, इष्टमित्र-हरुबाट क्रमूक्रेगी र एक मिनेट मौन धारणा गरी, 'बुद्धबचन'को पृष्ट ३२१को ६७: १०मा उल्लेख गरेको मृत्युन्जय महामन्त्र (सिताँङो) राम्रोसंग सुनाएर फूलपति धूप दीप र नैवेत चढाइ श्रद्धान्जली दिनु । बुद्धबचनको अन्तराभवको साँधुरो बाटोबाट तर्ने प्रणिधनको सामुहिक रुपमा पाठ गर्नु । भोलीपल्ट बिहान घरको दैलोमा जलतर्पण पिण्डअर्पण वा (सिमीकैँइ) दिनु । किनभने चौथो दिनमा मृतात्मा घर फर्किन्छ भन्ने सामाजिक मुल्य र मान्यता रहेको छ ।

त्यसपछि अस्तु धातुलाई पवित्र नदीमा सेलाइ दिनु । यति काम सकिए पछि मावलीबाट चोख्याएर शुद्ध गर्नु । छोराले बुद्धबचन नामक पवित्र ग्रन्थ एक पटक राम्रोसंग पढ्नु । पढिसके पछि स्वयम् भ्रमजालबाट बिउझिने छ । यो ग्रन्थ पवित्र छ । यसलाई पहेलो कपडामा बेरेर पवित्र स्थानमा सम्मानसाथ राख्नु होला । सबै परिवारको मंगल हुनेछ । ल्होछार र बुद्ध जयन्तिमा एक पटक पढनु र पढाउनु । सुख, शान्ति र समृद्धि प्राप्त हुनेछ ।

मैले कल्याणमित्रको संगत र त्रिपिटक पढिसकेकाले मेरो पितृकार्य (पए) वा कुनै अतिरिक्त कर्मकाण्ड गर्नु आवश्यक छैन । आवश्यक नभएको फाल्तु काम किन गर्ने ? यो मेरो आफ्नै अनुभव हो । परिवारका सदस्यहरुले सानो मन नगर्नु ! पितृकार्य (पए) गरेर स्वर्ग जाने, नगरेर नर्क जाने भन्ने कुरा सत्य होइन ! सत्य किन होइन भने, स्वर्ग

गएको प्रमाण-पत्र कसैसंग पनि छैन ? कसैले पनि दिन सक्दैन र मिल्दैन पनि । किनभने, यो कुरा बिज्ञान सम्मत छैन ? आस्था र विश्वासको भरमा मात्र संसार चल्न सक्दैन । यो कुरा घाम जस्तै छर्लङग छ ।

मैले यहाँनिर यो कुरा गरिरहदा मेरो कुरा सुन्नु हुने आफन्तहरुले मलाई नास्तिक पनि भन्ने छन् ? तर, नास्तिकको कुरा सत्य हुन्छ । किनभने आस्तिकहरु सत्य कुरा भन्न डराउछन् । नेपाली शब्दकोशमा हेर्ने हो भने, नास्तिक भनेको ईश्वरको अस्तित्वलाई नमान्ने भन्ने अर्थ हुन आउछ । अब प्रश्न आउछ, कि ईश्वरको अस्तित्व कहाँ छ ? ईश्वर कस्ले देखे ? यस्तो हुनै नसक्ने अन्धविश्वासको कुरा गरेर हाम्रो समाज भ्रमित भएका छन् । भ्रमजालबाट निस्कन सकेका छैनन् । जुन दिन भ्रमजाल बाट निस्कन्छ । त्यो दिन बुद्धबचन सत्य साबित हुनेछ । समाज आफै रुपान्तिरित हुनेछ । सम्पन्नता प्राप्त हुने मार्गमा आफै अग्रसर हुनेछ ।

मेरो दुइ दसकको अध्ययनले के भन्छ भने, स्वर्ग र नर्क भन्ने ठाउँ यो पृथ्वीमा कतै छैन । आकासमा छ । पातालमा छ भनेर कसैले भन्यो भने त्यो मिथ्य हो ! भ्रमको खेति हो ! सर्वसाधरणलाई भ्रमित बनाउने कुटिल चाल मात्र हो । जस्ले यो कुरा भन्छ, उनले मागेर खानुको सट्टमा भ्रमित गरेर खानका लागि उपाए गरेको भन्ने कुरा बुझ्नु होला । यो पृथ्वीमा भएका प्राँणीहरु मध्येमा सबै भन्दा उत्कृष्ट प्राँणी मनुष्य हो । क्लेश मुक्त भएका

मनुष्यले अहर्तत्व प्राप्त गर्दछन् । स्वर्ग र नर्क कहाँ छ वा छैन भनेर अहर्तहरुले मात्र भन्न सक्दछन् । यो कुरा अहर्त सुत्रमा उल्लेख छ । त्रिपिटक पढेर बुझ्ने प्रयास गर्नु होस् । कल्याणमित्रको कुरा सुन्नुहोस् । जिवनको उत्तरार्द्धमा तपाइँलाई अप्ठेरो पर्यो भने, त्यस बखत कल्याणमित्रले बाहेक अरु कसैले पनि सहयोग गर्न सक्दैन ।

## १८. बर्तमान अवस्थाः

अहिले म मासाच्यूसेट राज्यको चेल्सी शहरमा बसेको छु । बोस्टन भनेको अमेरिकाको ऐतिहासिक शहर हो । यसै शहरसंग कुहिनो जोडिएको चेल्सीमा सार्वजनिक यातायातको राम्रो सुबिधा छ । अहिले जिवनको उत्तरार्द्धमा बुद्धदर्शनलाई पुनः अध्ययन र अनुसन्धान गरी साधनामा लागेको छु । यसको साधना गर्न सबैलाई सहज होस् भन्नको लागि Buddhism Digital Library नामक बौद्धसंस्थाको स्थापना गरी सञ्चालन गर्ने प्रयासमा छु । संस्थामा आवद्ध हुनु भएका कल्याणमित्रहरुसंग साप्तहिक रुपमा बौद्धसंघायाना गर्छु । जानेको कुराहरु भन्छु । नजानेका कुराहरु सिक्छु । एकाग्रको साधना गर्छु । मेरो स्तर अनुसार मैले बुझ्नु पर्ने र जान्नु पर्ने सबै जानिसकेँ । यसैमा रमाउछु । यो कुरा मैले छोरा बुहारीसंग भन्दै आएको छु । उनीहरुसंग नभने अब कोसंग भन्ने ? मेरो बिसाउने चौतारीनै छोरा बुहारी हुन् नि ।

मेरो छोरा सुरेन्द्र गुरुङले स्नातकोत्तर सम्म पढाइ गरेको छ । उनले पूर्व लमजुङ कुण्डले गाउँको लेप्टन जितबहादुर गुरुङ र पूर्णकाशी



गुरुङको छोरी एलिना गुरुङसंग बिबाह गरेको छ। एलिनाले ए लेबल पास गरेकी छिन् । छोराबुहारीको उन्नति, प्रगति र समृद्धि होस् । को उनको भाइ सुदिप गुरुङ जापानमा कार्यरत हुनुहुन्छ ।

मेरो सम्धिज्यू नेपाली सेनाका लप्टन हुन् । अहिले अवकास लिनु भयो । सम्धि सम्धिनी दुबै जना हिमाली बज्रयानी बौद्धमार्गमा अभ्यास गर्नु हुन्छ ।



हिमाली बज्रयानी बौद्ध मार्ग अत्यन्तै उत्कृष्ट मार्ग हो । यसरी बुद्ध धर्मको बारेमा गहिरिएर अध्यान, अभ्यास र साधना गर्नु हुने निःस्वार्थ ब्यक्तिहरुलाई कल्याणमित्र भन्दछन् । वहाँहरु गणेशस्थान, काठमाडौमा निवास गर्नु हुन्छ । वहाँहरुको आशिर बचनले सबैको मंगल होस् ।




छोरी ज्योती गुरुङ ले कलेज पास गरेकी छिन् । उनको पूर्व लमजुङ, कोगे गाउँको श्री कुमराज गुरुङसंग बिबाह भएको छ । ज्वाइले पनि राम्रो पढाइ गर्नु भएको छ । दुबैको उन्नति, प्रगति र समृद्धि होस् ।

अहिले सम्पूर्ण मानव समुदाय कोरोना महामारीले आतंकित बानएका छन् । सामाजिक जनजिवन र आर्थिक अबस्था सबै लथालिङग भएका छन् । अबको मानव समुदायले कोरोनासंगै खेलेर बाँच्न सिक्नु पर्ने अवस्था देखिएको छ । अब मेरो उमेर सत्तरीमा तीन वर्ष कम छ । उकालो यात्रामा धेरै अनुभवहरु गरें । अव त, नाति नातिनीहरुको मुख हेर्ने र निर्वान मार्ग प्रशस्त गर्नु बाहेक अरु खासै रहर पनि के छ र ! फेरि पनि फुर्सदको समयमा बौद्धदर्शनमा रमाउने गर्दछु । यसको अलगै संसार छ । यहँ डुबे पछि निस्कन मनै लाग्दैन । किनभने यहीबाट निर्वान वा पुनर्जिवन प्राप्त गर्न सकिन्छ ।

२१औं शताब्दीको माँग भनेकै छोटो, मिठो र सजिलो प्रणालि हो । त्यसैले, समयको माँग अनुसार डिजिटल मार्फत पूजापाठ, ग्रहशान्ति, र बुद्धबचनको कक्षा पनि सञ्चालन गर्ने तयारी हुँदैछ ।

यो मानव चोला अत्यन्तै दुर्लभ छ । अनगिन्ति योनीहरु फेरेर मात्र यस्तो दुर्लभ जीवन प्राप्त भएको छ । यस्तो दुर्लभ जिवनमा बुद्धबचन बाचन गर्ने, गराउने, सुन्ने, सुनाउने, छाप्ने, छपाउने सुनौलो अवसर सबैलाई सुगम होस् भन्ने हेतुले कोलोराडो निवासी बिद्धान खेन्पो बसन्त गुरुङज्यू र मेरो संयुक्त प्रयासमा बुद्धबचन पेपर र अनलाइन दुबैमा उपलब्ध छ ।




अब मेरो शेष जिवन Buddhism Digital Library लाई समर्पण गर्न चाहन्छु । यसैलाई फुलाउन र फलाउन चाहन्छु । यो अमुल्य सम्पदालाई छोराबुहारी, छोरीज्वाई, कुलकुटुम्ब र इष्टमित्रहरुलाई हस्तान्तरण गर्न चाहन्छु ।

भवतु सर्व मंगलम् । बुद्धम् शरणम् गच्छामि ।

कल्याणमित्र डीबी गुरुङ, अमेरिका ।
२५६७औं बुद्ध जयन्ति, २०८० ।

dhirgurung2020@gmail.com
Last updated on August 7, 2023.